नेपाल सरकार

# स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना
# (Local Disaster and Climate Resilience Plan-LDCRP)

(आ.व.२०८१/८२ - आ.व.२०८४/८५)


नगर कार्यपालिकाको कार्यालय
शुक्लाफाँटा नगरपालिका
कञ्चनपुर जिल्ला, सुदुरपश्चिम प्रदेश, नेपाल
२०८१

नेपाल सरकार

# स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना
# (Local Disaster and Climate Resilience Plan-LDCRP)

(आ.व.२०८१/८२ - आ.व.२०८४/८५)

नगर कार्यपालिकाको कार्यालय

शुक्लाफाँटा नगरपालिका

कञ्चनपुर जिल्ला, सुदुरपश्चिम प्रदेश, नेपाल

२०८१

**दस्तावेज :** स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना

**दस्तावेजको अंग्रेजी नाम :** Local Disaster and Climate Resilience Plan (LDCRP)

**तयार गरेको मिति :** पुस २०८१

**प्रकाशक :** स्थानीय विपद् व्यवस्थापन समिति, शुक्लाफाँटा नगरपालिका

**प्रकाशन मिति :** पुस २०८१

**साझेदारी तथा समन्वय :** शुक्लाफाँटा नगरपालिका, कञ्चनपुर जिल्ला, सुदुरपश्चिम प्रदेश, नेपाल


**प्राविधिक सहयोग :** वातावरण तथा जलवायु अनुकूल विकासमा नेपाली युवा परियोजना

**आर्थिक सहयोग :** यूरोपेली संघ

**प्राविधिक सहजीकरण :** कामना जोशी (Climate Fellow, युथ इनोभेसन ल्याब, रेस्टलेस डेभलपमेन्ट, क्रिएसन, र प्रकोप व्यवस्थापन अध्ययन केन्द्र)


**सर्वाधिकार :** शुक्लाफाँटा नगरपालिका, कञ्चनपुर जिल्ला, सुदुरपश्चिम प्रदेश, नेपाल

**सहयोगी निर्देशिका :** स्थानीय विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा दिग्दर्शन, चैत्र २०७८ र स्थानीय विपद् र जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका २०७४ (मस्यौदा), संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय




## प्रशासनिक नक्सा

शुक्लाफाँटा नगरपालिका, कञ्चनपुर, सुदूरपश्चिम प्रदेश, नेपाल








यो नक्सा युरोपेली संघको आर्थिक सहयोगमा युथ इन्नोभेस ल्याबले कन्सोर्टियम रेस्टलेस डेभलपमेन्ट नेपाल, क्रिएशन र सीडीएमएसको सहयोगमा संचालन गरिरहेको "वातावरण तथा जलवायु अनुकुल विकासमा नेपाली युवा" परियोजनाको "क्लाइमेट फेलोशिप" अन्तर्गत तयार गरिएको हो।

डाटा स्रोत: सामुहिक छलफल, OSM, WFP तथा नापी विभाग।

पालिकाको प्रत्येक वडामा क्लाइमेट फेलो द्वारा संचालन सामुहिक छलफलमा समुदायले प्रशासनिक नक्सा तयार गरि पालिकाले प्रमाणीकरण गरेको हो।

यस नक्सामा प्रयोग गरिएका सामाग्रीहरुले युरोपेली संघको विचार प्रतिविम्बित गर्दैन।

# नगर प्रमुखको भनाई



शुक्लाफाँटा नगरपालिका बाढी, वन्यजन्तु, हावाहुरी लगायत विभिन्न प्राकृतिक एवं गैरप्राकृतिक प्रकोपहरूको जोखिममा रहेको छ। विगत ३० वर्षको क्षति विवरण हेर्दा बाढीले सबै भन्दा बढी क्षति पुर्याएको छ। यो अवधिमा बाढीको कारण १० जनाको मृत्यु, १७२ घर पूर्ण क्षति, १८ घर आंशिक क्षति, ५ वटा पुल, २ वटा विद्यालय भवन, ४ वटा विद्युतको पोल, आदि हानी नोक्सानी भएको छ। यसैगरी, बाढीको कारण सडकमा आवतजावत र विद्यालयमा पठनपाठन बन्द हुने गर्दछ। यस नगरपालिकामा हावाहुरीले घर, विद्यालय, मन्दिरका छानाहरू उडाउने गरेको छ भने वन्यजन्तुबाट २ जनाले ज्यान गुमाएका छन्। शीतलहर, कृषि तथा पशु रोगले समेत यो नगरपालिका प्रभावित हुने गर्दछ।

विश्वव्यापी रूपमा भई रहेको जलवायु परिवर्तनको असर पनि यस नगरपालिकामा देखापरेका छन्। जस्तैः बेमौसमी वर्षा, खडेरी, पानीको अभाव, जैविक विविधता घट्ने, पानीका मुहान सुक्खा हुने, जमिन मुनिको पानीको सतह घट्दै गएको, आदि समस्याहरू देखा परेका छन्। यसैगरी, सुनवरा नदी, स्याली नदी, बुढीनाला, टोटीनाला, गौडी नदी, घरकटुवा नदी, आदिमा आउने पानीको वहाव घटबढ भएकोले बाढीको जोखिम कायमै रहेको छ।

यी विविध किसिमका समस्याहरू समाधानका लागि नगरपालिकाले नीति निर्माण गरि जोखिम न्यूनीकरणका कार्यहरू गर्दै आईरहेको छ। उदाहरणको लागि नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०७९, विपद् व्यवस्थापन कोष सञ्चालन व्यवस्थापन कार्यविधि, २०८०, स्थानीय आपतकालीन् कार्यसञ्चालन केन्द्र सञ्चालन कार्यविधि, २०८०, रुणयन्त्र व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८०, शहरी योजना तथा भवन निर्माण मापदण्ड, २०८०, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७७, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्गदर्शन, २०७९, वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी कार्यविधि, २०७७, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७६, फोहोरमैला व्यवस्थापन ऐन, २०७५, आदि कानूनी दस्तावेजहरू नगरपालिका तयार गरेको छ। अहिले यो "स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना" तयार भएको छ र यसले जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा सहयोग पुग्ने विश्वास लिएको छु। यो योजना तर्जुमामा संलग्न हुनु हुने र सहयोग पुर्याउनु हुने सम्पूर्ण व्यक्ति, संघसंस्था एवं कार्यालयहरूलाई धन्यवाद दिन चाहन्छु। त्यसैगरी, विपद् जोखिम न्यूनीकरणका कार्यमा सहयोग गर्ने नगरपालिकाका कर्मचारी, स्थानीय स्वयंसेवक, समुदायका सदस्यहरू र व्यवसायी समेत धन्यवादको पात्र हुनुहुन्छ। आगामी दिनमा यस नगरपालिकाको विद्यमान जोखिमहरू घटाउनको लागि हातेमालो गर्नको लागि समेत अनुरोध गर्दछु।

रण बहादुर महरा
नगर प्रमुख
शुक्लाफाँटा नगरपालिका, कञ्चनपुर जिल्ला

# विषय सूची


खण्ड १. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको परिचय ....... ५

१.१ दीर्घकालीन सोच, लक्ष्य एवं उद्देश्य ....... ५

१.१.१ दीर्घकालीन सोच ....... ५

१.१.२ लक्ष्य ....... ५

१.१.३ उद्देश्य ....... ५

१.२ योजनाको आवश्यकता तथा महत्व ....... ५

१.३ योजना निर्माण प्रक्रिया ....... ५

१.४ योजनाको सीमा ....... ६

१.५ योजना कार्यान्वयन रणनीति ....... ६

खण्ड २. नगरपालिकाको संक्षिप्त जानकारी ....... ७

२.१ भौगोलिक अवस्थिति र सिमाना ....... ७

२.२ घरधुरी, जनसंख्या, जातजाति, अपाङ्गता भएका व्यक्ति र लैङ्गिक स्थिति ....... ७

२.३ भू-उपयोगको अवस्था ....... ९

२.४ सार्वजनिक उपयोगिताका पूर्वाधारहरू ....... ९

खण्ड ३. प्रकोप, संकटासन्नता, क्षमता र जोखिम विश्लेषण ....... १०

३.१ प्रकोप पहिचान र स्तरीकरण ....... १०

३.२ विपद्जन्य घटना र क्षति ....... १०

३.३ संकटासन्नताको स्थिति ....... १२

३.४ प्रकोप पात्रो, मौसमी पात्रो र बाली पात्रो ....... १३

३.५ जलवायु परिवर्तन र असरहरूको विश्लेषण ....... १५

३.६ उत्थानशीलता सम्बन्धी क्षमता ....... १६

३.७ विपद् जोखिमको अवस्था ....... १६

खण्ड ४. विपद् व्यवस्थापन तथा जलवायु अनुकूलन सम्बन्धी कार्ययोजना ....... १८

४.१ नीतिगत एवं व्यवस्थापकीय सुधार र संस्थागत क्षमता विकास सम्बन्धी कार्ययोजना ....... १८

४.२ जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलन सम्बन्धी कार्ययोजना ....... १८

४.३ पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्ययोजना ....... २०

४.४ पूनर्लाभ, पुनःस्थापना र पूनर्निर्माण सम्बन्धी कार्ययोजना ....... २०

खण्ड ५. योजनाको अनुगमन, मूल्याङ्कन, समन्वय र सहकार्य एवं अद्यावधिक ....... २१

५.१ अनुगमन तथा मूल्याङ्कन ....... २१

५.२ समन्वय एवं सहकार्य ....... २१

५.३ अद्यावधिक ....... २१

खण्ड ६. अनुसूचीहरू ........................................................................................................................ २२

अनुसूची १.१. शुक्लाफाँटा न.पा.को भू-उपयोगको अवस्था (सन् २००९) ..................................................................... २२

अनुसूची १.२. शुक्लाफाँटा न.पा.को भू-उपयोगको अवस्था (सन् २०१९) ..................................................................... २३

अनुसूची २.१. वडा नं.१ को पूर्वाधार जोखिम नक्सा ........................................................................................ २४

अनुसूची २.२. वडा नं.२ को पूर्वाधार जोखिम नक्सा ........................................................................................ २५

अनुसूची २.३. वडा नं.३ को पूर्वाधार जोखिम नक्सा ........................................................................................ २६

अनुसूची २.४. वडा नं.४ को पूर्वाधार जोखिम नक्सा ........................................................................................ २७

अनुसूची २.५. वडा नं.५ को पूर्वाधार जोखिम नक्सा ........................................................................................ २८

अनुसूची २.६. वडा नं.६ को पूर्वाधार जोखिम नक्सा ........................................................................................ २९

अनुसूची २.७. वडा नं.७ को पूर्वाधार जोखिम नक्सा ........................................................................................ ३०

अनुसूची २.८. वडा नं.८ को पूर्वाधार जोखिम नक्सा ........................................................................................ ३१

अनुसूची २.९. वडा नं.९ को पूर्वाधार जोखिम नक्सा ........................................................................................ ३२

अनुसूची २.१०. वडा नं.१० को पूर्वाधार जोखिम नक्सा ..................................................................................... ३३

अनुसूची २.११. वडा नं.११ को पूर्वाधार जोखिम नक्सा ..................................................................................... ३४

अनुसूची २.१२. वडा नं.१२ को पूर्वाधार जोखिम नक्सा ..................................................................................... ३५

अनुसूची ३. विपद्को ऐतिहासिक समयरेखा (विगत ३० वर्ष) ................................................................................ ३६

# खण्ड 1. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको परिचय

शुक्लाफाँटा नगरपालिका बाढी, वन्यजन्तु आक्रमण, हावाहुरी, आगलागी लगायत अन्य प्रकोपहरूको कारण जोखिममा रहेको छ। विगत ३० वर्षलाई हेर्दा यी प्रकोपहरूले मानवीय, भौतिक, आर्थिक सहित अन्य महत्वपूर्ण सम्पत्तिहरूमा क्षति पुर्याएको छ। मूलतः बाढीले नगरपालिकामा धेरै पटक र सबै भन्दा बढी क्षति गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, दफा ११, उपदफा (२) खण्ड (न) विपद् व्यवस्थापन र नगरपालिकाको नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०७९ मा गरेको व्यवस्था बमोजिम यो योजना तर्जुमा गरिएको छ। यो योजना तर्जुमा गर्दा "स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका-२०६८ र स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका-२०७४ (मस्यौदा)" को मार्गदर्शनलाई आत्मसात गरिएको छ।

## १.१ दीर्घकालीन सोच, लक्ष्य एवं उद्देश्य

### १.१.१ दीर्घकालीन सोच

जलवायु परिवर्तनका असर एवं प्रभाव न्यून गर्दै विपद् व्यवस्थापनका कार्यलाई संस्थागत गरि विपद् उत्थानशील समाज निर्माण गर्ने यस योजनाको दीर्घकालीन सोच रहेको छ।

### १.१.२ लक्ष्य

जलवायु परिवर्तन लगायत प्राकृतिक एवं गैरप्राकृतिक प्रकोपहरूबाट सिर्जित विपद्जन्य घटनाहरूबाट हुने मृत्युदर, घाईते तथा प्रभावितहरूको संख्या र सम्पत्तिहरूमा हुने क्षतिलाई कम गर्दै विपद् जोखिम न्यूनीकरणलाई विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने यस योजनाको लक्ष्य रहेको छ।

### १.१.३ उद्देश्य

(क) विभिन्न प्रकोपका कारण संकटासन्न एवं जोखिममा रहेका स्थान तथा सम्पत्तिहरू पहिचान गर्ने,

(ख) विपद् तथा जलवायु परिवर्तनको जोखिम सम्बन्धी बुझाई अभिवृद्धि गर्ने,

(ग) विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलनका उपायहरू निर्धारण गर्ने,

(घ) विपद् प्रतिकार्य र पूनर्लाभ, पुनःस्थापना तथा पुनर्निर्माण "अझ राम्रो र बलियो निर्माण" का लागि विपद् पूर्वतयारी कार्यलाई सुदृढ गर्ने,

(ङ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणालाई विपद् व्यवस्थापनमा लागु गर्ने।

## १.२ योजनाको आवश्यकता तथा महत्व

यस नगरपालिकामा जलवायु परिवर्तन र विपद् जोखिमसँग सम्बन्धित सवालहरू पहिचान गरि सो को उपयुक्त तरिकाले व्यवस्थापन गर्न र विभिन्न प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपहरूको कारण सिर्जना भएका विपद् जोखिमहरू बुझ्न, न्यूनीकरणका उपायहरूको खोजी गर्न र नीति तथा कार्यक्रमहरूमा समावेश गरी समाधान गर्न यो योजनाले उल्लेख्य सहयोग गर्नेछ।

त्यसैगरी, विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन ऐन-२०७४ र स्थानीय सरकार सञ्चालन ऐन-२०७४ मा स्थानीय तहले विपद् तथा जलवायु परिवर्तन अनुकूलन सम्बन्धी योजना तर्जुमा गर्नुपर्ने र आफ्नो क्षेत्रको जोखिम कम गर्न लगानी गर्नुपर्ने प्रावधान रहेकोले उक्त विषयलाई समेत यो योजनाले सम्बोधन गर्नेछ।

## १.३ योजना निर्माण प्रक्रिया

यो योजना निर्माण गर्न तपशील बमोजिमका चरणहरू अवलम्बन गरिएको थियो।

(१) योजना तर्जुमामा अपनाईने विधि बारे नगरपालिकामा प्रारम्भिक छलफल।
(२) अवधारणा र प्रक्रियागत विषयमा नगरपालिकाको क्षमता अभिबृद्धि कार्य।
(३) सहयोगी संस्थाबाट दक्ष जनशक्ति एवं परामर्शदाताको सहयोग आदानप्रदान।
(४) योजना निर्माणको लागि आवश्यक तथ्याङ्क एवं सूचना सङ्कलन गर्न वडास्तरमा छलफल र द्वितिय स्रोतको उपयोग।
(५) योजनामा समेटिने नक्साहरूलाई प्रिन्ट गरि स्थानीय स्तरमा छलफल एवं नगरपालिका स्तरबाट प्रमाणित गरिएको।
(६) द्वितिय सूचनाको स्रोतको रूपमा विपद् पोर्टललाई समेत लिईएको।
(७) स्थानीय विपद् व्यवस्थापन समिति र नगरपालिका स्तरबाट उक्त तथ्य तथा सूचनाहरूको विश्लेषण।
(८) योजनाका क्रियाकलापहरू वडा र नगरपालिका स्तरमा भएको छलफलबाट तय।
(९) उपलब्ध तथ्य एवं सूचनाहरूको आधारमा योजनाको मस्यौदा तयार।
(१०)मस्यौदा योजनामा विचार-विमर्श, छलफल गरि योजना तर्जुमा सम्पन्न।

## १.४ योजनाको सीमा

उपलब्ध स्रोत, साधन र दक्षताको प्रयोग गरि यो योजना तर्जुमा गरिएतापनि यस योजनाको केही सीमाहरूलाई तल उल्लेख गरिएको छ।

(क) संकटासन्न स्थान र जोखिममा रहेका तत्वहरू पहिचान गर्दा केही प्रकोपहरूमा विज्ञान र प्रविधिको प्रयोग गरिएको छ भने अन्यमा सहभागितामूलक विधि अवलम्वन गरिएको छ।

(ख) योजनाका क्रियाकलापहरूको कार्यान्वयनका लागि बजेटको सम्भावित स्रोत खुलाईएको छ।

(ग) योजनाको कार्यान्वयनका लागि आवश्यक पर्ने दक्ष जनशक्ति तयार गर्न समय लाग्न सक्छ ।

(घ) वार्षिक रूपमा अद्यावधिक गर्नुपर्ने योजना वा गतिविधिलाई यसमा संक्षिप्तमा समेटिएको छ। जस्तैः विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनामा स्रोत, साधन र भूमिका वा जिम्मेवारी वार्षिक रूपमा अद्यावधिक गर्नुपर्नेछ।

## १.५ योजना कार्यान्वयन रणनीति

यस योजनाको कार्यान्वयनका लागि तपशीलका रणनीतिहरू अवलम्बन गरिनेछ।

(क) यो योजनाका अल्पकालीन् क्रियाकलापहरूको कार्यान्वयनका लागि हरेक वर्षको वार्षिक नीति तथा कार्यक्रममा समावेश गरिनेछ र दीर्घकालीन् रूपमा समाधान गरिने क्रियाकलापहरूलाई आवधिक योजनामा समावेश गरिनेछ।

(ख) योजनाको केही क्रियाकलापहरूको कार्यान्वयनका लागि प्रदेश सरकार र संघीय सरकारसँग समेत सहयोग लिई सम्पन्न गरिनेछ।

(ग) योजनाको क्रियाकलापहरूको प्रकृति अनुसार स्थानीय, राष्ट्रिय एवं अन्तराष्ट्रिय संघसंस्थाहरूसँग समेत सहकार्य गरिनेछ।

# खण्ड 2. नगरपालिकाको संक्षिप्त जानकारी

## २.१ भौगोलिक अवस्थिति र सिमाना

शुक्लाफाँटा नगरपालिका नेपालको सुदूरपश्चिम प्रदेशको कञ्चनपुर जिल्लामा पर्दछ। यसको पूर्वमा कृष्णपुर नगरपालिका, पश्चिममा शुक्लाफाँटा वन्यजन्तु आरक्ष र वेदकोट नगरपालिका, उत्तरमा डडेल्धुराको चुरे पर्वत र दक्षिणमा लालझाडी गा.पा र शुक्लाफाँटा वन्यजन्तु आरक्ष रहेको छ ।यो नगरपालिकामा १२ वटा वडाहरू रहेका छन् र १६२.५७ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ। यस नगरपालिकामा १२,०५८ घरधुरी र जनसंख्या ५३,९६९ (महिला:२९,३८५, पुरूष:२४,५८४) रहेको छ (राष्ट्रिय जनगणना २०७८)।

यस नगरपालिकाको औषत अधिकतम तापक्रम ३८ डिग्री र न्यूनतम तापक्रम ९ डिग्री रहेको पाईन्छ ।

## २.२ घरधुरी, जनसंख्या, जातजाति, अपाङ्गता भएका व्यक्ति र लैङ्गिक स्थिति

(क) यस नगरपालिकामा रहेको घरधुरी, जनसंख्या र अपाङ्गता भएका व्यक्तिको विवरण

| वडा नं. | घरधुरी संख्या | जनसंख्या | | | औसत परिवार संख्या | अपाङ्गता भएका व्यक्तिको जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरूष | महिला | | जम्मा | पुरूष | महिला |
| १ | १,२५१ | ५,५५९ | २,४७८ | ३,०८१ | ४.४४ | १३७ | ७५ | ६२ |
| २ | ५१२ | २,१८९ | ९६६ | १,२२३ | ४.२८ | ५५ | २७ | २८ |
| ३ | ५०६ | २,३७४ | १,०५९ | १,३१५ | ४.६९ | ४३ | २० | २३ |
| ४ | ७८५ | ३,७२५ | १,७६८ | १,९५७ | ४.७५ | ४४ | २३ | २१ |
| ५ | १,२२७ | ५,५७५ | २,४७४ | ३,१०१ | ४.५४ | १२१ | ६२ | ५९ |
| ६ | ४९२ | २,१९१ | १,०१० | १,१८१ | ४.४५ | ७४ | ४० | ३४ |
| ७ | १,३२८ | ५,७६२ | २,५८१ | ३,१८१ | ४.३४ | ४२६ | २०८ | २१८ |
| ८ | १,३७२ | ६,१७६ | २,८६४ | ३,३१२ | ४.५० | ८९ | ५२ | ३७ |
| ९ | ६५५ | २,७४८ | १,१९१ | १,५५७ | ४.२० | ९९ | ५२ | ४७ |
| १० | १,१८३ | ५,११८ | २,४२२ | २,६९६ | ४.३३ | ६६ | ३६ | ३० |
| ११ | १,६९२ | ७,२९२ | ३,३६१ | ३,९३१ | ४.३१ | २२६ | १२५ | १०१ |
| १२ | १,०५५ | ५,२६० | २,४१० | २,८५० | ४.९९ | १३१ | ६५ | ६६ |
| जम्मा | १२,०५८ | ५३,९६९ | २४,५८४ | २९,३८५ | ४.४८ | १,५११ | ७८५ | ७२६ |

जातजाति अनुसारको जनसङ्ख्या विवरण

| जातजाति | दुवै लिङ्ग (%) | पुरुष (%) | महिला (%) |
|---|---|---|---|
| क्षेत्री | ४०.२ | ३९.५ | ४०.७ |
| ब्राह्मण - पहाड | १८.९ | १८.९ | १९ |
| थारु | १४.३ | १४.८ | १३.९ |
| रानाथारु | १० | १०.७ | ९.४ |
| विश्वकर्मा | ४.७ | ४.५ | ४.९ |
| परियार | २.७ | २.६ | २.८ |
| मिजार | २.७ | २.५ | २.७ |
| लोहार | २.४ | २.३ | २.५ |
| ठकुरी | २.३ | २.२ | २.४ |
| सन्यासी/दसनामी | ०.६ | ०.६ | ०.५ |

(१) उमेर समूह अनुसारको जनसंख्या विवरण

| उमेर समूह | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| ००-०४ वर्ष | ४,५५४ | २,५१९ | २,०३५ |
| ०५-०९ वर्ष | ५,०५८ | २,७१६ | २,३४२ |
| १०-१४ वर्ष | ६,२३९ | ३,१८२ | ३,०५७ |
| १५-१९ वर्ष | ५,९२० | २,७३१ | ३,१८९ |
| २०-२४ वर्ष | ५,२०५ | २,०५१ | ३,१५४ |
| २५-२९ वर्ष | ४,४८६ | १,७७३ | २,७१३ |
| ३०-३४ वर्ष | ३,८०८ | १,४६३ | २,३४५ |
| ३५-३९ वर्ष | ३,४७७ | १,३३४ | २,१४३ |
| ४०-४४ वर्ष | २,९७२ | १,२५४ | १,७१८ |
| ४५-४९ वर्ष | २,५७१ | १,०६८ | १,५०३ |
| ५०-५४ वर्ष | २,५६९ | १,१३७ | १,४३२ |
| ५५-५९ वर्ष | १,९७५ | ९५६ | १,०१९ |
| ६०-६४ वर्ष | १,६१२ | ७६५ | ८४७ |
| ६५-६९ वर्ष | १,२९१ | ६६५ | ६२६ |
| ७०-७४ वर्ष | १,०६३ | ४६९ | ५९४ |
| ७५-७९ वर्ष | ५९४ | २६१ | ३३३ |
| ८०-८४ वर्ष | ३०७ | १२२ | १८५ |
| ८५-८९ वर्ष | १५२ | ७७ | ७५ |
| ९०-९४ वर्ष | ६८ | २५ | ४३ |
| ९५+ वर्ष | ४८ | १६ | ३२ |
| जम्मा | ५३,९६९ | २४,५८४ | २९,३८५ |

विभिन्न प्रकारको अपाङ्गता भएको जनसंख्या विवरण

| वर्ग | जम्मा | जम्मा (%) | पुरुष (%) | महिला (%) |
|---|---|---|---|---|
| शारीरिक | ५६७ | ३७.५ | ४१.४ | ३३.३ |
| अल्पदृष्टि | ३१२ | २०.६ | १७.६ | २४.० |
| दृष्टिविहिन | ७० | ४.६ | ३.४ | ५.९ |
| कान नसुन्ने | १०८ | ७.१ | ७.४ | ६.९ |
| मनोसामाजिक अपाङ्गता | ५५ | ३.६ | ३.९ | ३.३ |
| सुन्न कठिन हुने | १५८ | १०.५ | ९.२ | ११.८ |
| कान नसुन्ने र दृष्टिविहिन | १३ | ०.९ | ०.८ | १.० |
| बोल्न नसक्ने | ६६ | ४.४ | ४.६ | ४.१ |
| बौद्धिक अपाङ्गता | २२ | १.५ | १.७ | १.२ |
| हेमोफिलिया | ५ | ०.३ | ०.६ | ०.०० |
| अटिजम | ३ | ०.२ | ०.३ | ०.१ |
| बहुअपाङ्गता | १३२ | ८.७ | ९.२ | ८.३ |
| अपाङ्गता भएको जनसंख्या | १,५११ | २.८ | ३.२ | २.५ |

नगरपालिकाको जम्मा जनसंख्या ५३,९६९ । अपाङ्गता भएको व्यक्तिको जनसंख्या १,५११। अपाङ्गता भएको महिलाको प्रतिशत २.५%। अपाङ्गता भएको पुरुषको प्रतिशत ३.२%।

## २.३ भू-उपयोगको अवस्था

यस नगरपालिकामा सन् २००९ र सन् २०१९ मा जल स्रोत, वन, नदी किनार, आवासीय क्षेत्र, कृषि, घाँसे मैदान र अन्य जंगल भूमिले ओगोटेको क्षेत्रफललाई तुलनात्मक रूपमा तलको तालिकामा प्रस्तुत गरिएको छ। एक दशकमा जल स्रोत, वन, आवास क्षेत्र र अन्य जंगल भूमिले ओगोटेको क्षेत्रफल बढेको छ भने नदी किनार र कृषि क्षेत्र घटेको छ (अनुसूची १)।

| भू-उपयोग परिवर्तन (वर्ग कि.मि.) | | |
|---|---|---|
| भू-उपयोग | सन् २००९ को अवस्था | सन् २०१९ को अवस्था |
| जल स्रोत | ०.०३ | ०.३१ |
| वन | ६४.०३ | ७८.१३ |
| नदी किनार | ८.९८ | ६.५५ |
| आवासीय क्षेत्र | ०.१० | ०.५६ |
| कृषि | ७७.७७ | ७०.३२ |
| घाँसे मैदान | १०.५९ | ४.८९ |
| अन्य जंगल भूमि | ०.४७ | १.२२ |

स्रोतः ICIMOD, National Lan Cover Monitoring System (NLCMS)

## २.४ सार्वजनिक उपयोगिताका पूर्वाधारहरू

यस नगरपालिकामा शिक्षा, स्वास्थ्य, सञ्चार, सुरक्षा, यातायात, बैंक तथा वित्तीय संस्था, पुल, धार्मिक स्थल, कार्यालय, व्यवसाय लगायतका विभिन्न उपयोगिताका पूर्वाधारहरू रहेका छन्। ती पूर्वाधारहरूमा केही संरचानहरू सुरक्षित र केही संरचनाहरू जोखिममा पनि रहेका छन्। त्यस्ता पूर्वाधारयुक्त संरचनाहरूलाई वडा अनुसार पूर्वाधार जोखिम नक्साहरूमा प्रस्तुत गरिएको छ (अनुसूची २)।

# खण्ड 3. प्रकोप, संकटासन्नता, क्षमता र जोखिम विश्लेषण

## ३.१ प्रकोप पहिचान र स्तरीकरण

यस  नगरपालिकाको वडा तहमा भएको छलफलबाट ती वडाहरूमा विगत देखि वर्तमान सम्म क्षति पुर्याईरहेका र हाल जोखिम सिर्जना गरिरहेका प्रकोपहरू पहिचान गरि हरेक वडाको प्रकोप स्तरीकरण गरिएको छ। तलको तालिकामा तेर्सो पङ्क्तिमा हरेक वडाको प्रकोपको स्तर क्रमश पहिलो, दोस्रो, तेस्रो, ...... गरि उल्लेख गरिएको छ।

| वार्ड नं. | पहिलो | दोस्रो | तेस्रो | चौंथो | पाँचौ | छैठौं | सातौं | आठौं | नवौं |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बाढी | हावाहुरी | कृषिमा रोग | वन्यजन्तु आक्रमण | आगलागी | खडेरी | महामारी | शीतलहर, लु | चट्याङ |
| २ | बाढी | हावाहुरी | वन्यजन्तु | असिना | आगलागी | कृषिमा रोग | खडेरी | शीतलहर, लु | महामारी |
| ३ | वन्यजन्तु आक्रमण | बाढी | असिना | शीतलहर, लु | कृषिमा रोग | हावाहुरी | महामारी | आगलागी | खडेरी |
| ४ | बाढी | खडेरी | हावाहुरी | वन्यजन्तु आक्रमण | आगलागी | महामारी | कृषिमा रोग | शीतलहर, लु | चट्याङ |
| ५ | वन्यजन्तु आक्रमण | बाढी | असिना | आगलागी | हावाहुरी | खडेरी | कृषिमा रोग | शीतलहर, लु | महामारी |
| ६ | वन्यजन्तु आक्रमण | बाढी | आगलागी | शीतलहर, लु | हावाहुरी | कृषिमा रोग | खडेरी | महामारी | चट्याङ |
| ७ | वन्यजन्तु आक्रमण | बाढी | हावाहुरी | आगलागी | कृषिमा रोग | खडेरी | शीतलहर, लु | महामारी | चट्याङ |
| ८ | बाढी | वन्यजन्तु आक्रमण | हावाहुरी | शीतलहर, लु | आगलागी | कृषिमा रोग | महामारी | खडेरी | चट्याङ |
| ९ | बाढी | वन्यजन्तु आक्रमण | आगलागी | हावाहुरी | खडेरी | कृषिमा रोग | शीतलहर, लु | चट्याङ | |
| १० | बाढी | वन्यजन्तु आक्रमण | आगलागी | हावाहुरी | खडेरी | कृषिमा रोग | शीतलहर, लु | महामारी | चट्याङ |
| ११ | वन्यजन्तु आक्रमण | बाढी | आगलागी | खडेरी | कृषिमा रोग | हावाहुरी | शीतलहर, लु | महामारी | चट्याङ |
| १२ | बाढी | वन्यजन्तु आक्रमण | आगलागी | कृषिमा रोग | हावाहुरी | महामारी | खडेरी | चट्याङ | |

## ३.२ विपद्जन्य घटना र क्षति

विगत ३० वर्ष देखि विभिन्न प्रकोपहरूले यस नगरपालिकामा पुर्याएको हानी तथा नोक्सानीहरू संक्षेषण गरि तलको तालिमा प्रस्तुत गरिएको छ। क्षति विवरण हेर्दा बाढीले सबै भन्दा धेरै पटक विपद्जन्य घटना सिर्जना गरेको छ भने र बाढी कै कारण सबै भन्दा बढी मानवीय क्षति भएको छ।

| प्रकोप | घटना संख्या | भौतिक क्षति | सामाजिक क्षति | आर्थिक क्षति | मानवीय क्षति | प्राकृतिक क्षति |
|---|---|---|---|---|---|---|
| बाढी | ३३ | ५ वटा पुल बगाएको, ५१० मिटर बाटो भत्काएको, ४ वटा विद्युत पोल ढलेको, १७२ वटा घर बगाएको, १८ वटा घरमा आंशिक क्षति, २ वटा विद्यालय भवन बगाएको, २ वटा मन्दिर, ३ वटा कुखुराको फार्म बगाएको, १० वटा गोठ बगाएको | ४८७ घर डुवान, विद्यार्थी विद्यालय जानबाट वञ्चित, जोनापुर खण्डको मूल बाटो अबरुद्ध, सडक कटान (३ कि.मि.), भत्काएको, विद्युतका पोल ढलाएर २ कि.मि. सम्म बाटो अवरुद्ध, यातायात तथा बिजुली अवरोध, २० घरधुरी विस्थापित | ८१० बिघाको धान, १५ बिघाको उखु, ३६ गाईगोरु, १५ वटा बाखा, ५ वटा भैसी, राँगा बगाएको, २ बिघा केरा खेती नोक्सान | १० जनाको मृत्यु | ९१८ बिघा जमिन कटान तथा पटान, १५ वटा रुख ढलेको |
| वन्यजन्तु आक्रमण | २२ | ४४ वटा घर भत्काएको | | २५ कुखुरा मारेको, १५० कुखुरा घाइते बनाएको, ६३ बिघा धानवाली क्षति, आँप, लिची र कटहर (रु.३०,००० हजार बराबर) को क्षति, ३ बिघा मकै बाली नष्ट गरेको, १७ बिघा गहुँवाली नष्ट, १ बिघा उखु नष्ट | २ जनाको मृत्यु | सामुदायिक वनको बाँस नोक्सान गरेको |
| हावाहुरी | २१ | ८५७ घरको छाना उडाएको, २७ घरको टायल फुटाएको, ३ वटा विद्यालयको छाना उडाएको, गौरा देवी मन्दिरको छाना उडाएको, २ वटा शौचालयको टिनको छाना उडाएको, गाई फर्ममा क्षति, पक्कि भवन क्षति | | रु.१,५०,००० सम्मको केरा खेती नोक्सान, २० लाख बराबरको फलफूल नोक्सान | | ६१० रुख ढलेको |
| आगलागी | १३ | ४ वटा कच्ची गोठ नष्ट, ६ वटा घर नष्ट | | परालको कुन्यु, सोफासेट, कु-काठ जलेर ६,३०,००० बराबरको क्षति, २० थान फलफूलका बिरुवा नष्ट | | सामुदायिक वनका १०० वटा रुख जलेर नष्ट |
| खडेरी | ४ | | धान रोप्न नसकिएर ५०० घर धुरी प्रभावित | ८ बिघाको धान खेती क्षति, ३० लाख बराबरको गहुँ उत्पादनमा नोक्सान, रोपेका तरकारी तथा फलफूलका बोटहरुमा क्षति | | |
| कृषिमा रोग | ५ | | | ३१५ बिघाको धान खेती नष्ट, २०० बिघाको धान खेतीमा आंशिक क्षति | | |
| शीतलहर | २ | | | करिव ६० बिघाको आलु, तरकारी नष्ट | | |
| असिना | ७ | १९४ घरको टायल फुटाएको | | १० बिघा मसुर खेती नष्ट, ३० बिघाको गहुँ वाली नष्ट, २ बिघाको फलफूल नष्ट, ३०० बिघाको गहुँ वालीमा आंशिक क्षति | | जंगली जनावर मरेको (२५ वटा जरायो, १,००० वटा चरा) |
| चट्याङ | १ | | | | २ जना घाईते | |

## ३.३ संकटासन्नताको स्थिति

यस नगरपालिकामा पहिचान भएका प्रकोपहरूमा आधारित रहि उक्त प्रकोपले गर्न सक्ने हानी तथा नोक्सानीलाई मध्यनजर गर्दै हरेक वडाको संकटासन्न अवस्थामा रहेका स्थानहरू तलको तालिकामा प्रस्तुत गरिएको छ। संकसटासन्न अवस्थामा रहेका स्थानहरूमा कुनै पनि समयमा ती प्रकोपहरूले हानी तथा नोक्सानी गर्न सक्छ भन्ने संकेत गरिएको हो।

| प्रकोप | वडा नं. | संकटासन्न अवस्थामा रहेका स्थान (गाउँ, टोल, बस्ती) |
|---|---|---|
| बाढी | १ | बैसाखा, शिविर, खजुवापट्टी |
| | २ | सुनवरा नदीको कारण लक्ष्मीपुर, सुनवरा नदी किनारको बस्ती, गुलरपट्टी, रानिपुर ढकनिया जोखिममा रहेको छ। |
| | ३ | सुनवरा नदीको कारण पिपलाडी, जोनापुर जोखिममा रहेको छ। |
| | ४ | स्याली नदीको कारण सिकलपट्टी, आशापुर जोखिममा रहेको छ। |
| | ५ | बुढीनालाको कारण गर्जमुनी, बुढी नाला किनार बस्ती जोखिममा रहेको छ।<br>स्याली नदीको कारण खजुवा जोखिममा रहेको छ। |
| | ६ | बुढीनालाको कारण बुढीनाला किनारका बस्ती जोखिममा रहेको छ।<br>स्याली नदीको कारण विच टोल जोखिममा रहेको छ। |
| | ७ | टोटीनाला र स्याली नदीको कारण टोटीनाला, सिमलफाँटा, जुडा, कालापानी जोखिममा रहेको छ। |
| | ८ | गौडी नदीको कारण पारिफाँटा जोखिममा रहेको छ।<br>घरकटुवा नदीको कारण नौखरी जोखिममा रहेको छ।<br>अनौखी खोलाको कारण पिल्लरीफाँटा, बेलडाँडी, बर्रेगाडा जोखिममा रहेको छ।<br>घरकटुवा नदीको कारण फुलेली जोखिममा रहेको छ। |
| | ९ | घरकटुवा नदीको कारण नौखुरी, अछामी टोल जोखिममा रहेको छ। |
| | १० | सुनवरा नदीको कारण खल्ला बस्ती, मिलन चोक जोखिममा रहेको छ।<br>टोटीनालाको कारण टोटी नाला किनार बस्ती, नहर टोल जोखिममा रहेको छ। |
| | ११ | सुनवरा नदीको कारण कलुवापुर, सार्की टोल, दीपनगर, चितौरा नाला वरपर जोखिममा रहेको छ। |
| | १२ | स्याली नदीको कारण तिल्की, मर्घटइया, कुण्डा टोल, खल्ला टोल जोखिममा रहेको छ।<br>बनरा नदीको कारण आँपघाटा जोखिममा रहेको छ। |
| हावाहुरी, खडेरी | १-१२ | वडाभरी |
| वन्यजन्तु आक्रमण (हात्ती, बंदेल) | ४ | सिकलपट्टि |
| | ५ | स्याली नदि किनार बस्ती, खाजुवा |
| | ७ | सिमलफाँटा, कालापानी, जुडा |
| | ८ | भमरभोज, बेलडाँडी |
| | १० | नहर टोल |
| | १२ | तिल्की, बसन्तपुर, कुण्डा, खल्ला, जगदम्बा, दुवाहा |
| आगलागी | ७ | कालापानी, जुडा, सिमलफाँटा, |
| | ११ | अम्मरपुर, दीपनगर |
| शीतलहर | ८ | धारापानी |
| | ९ | वडाभरी |
| कृषिमा रोग | १ | बन्साह, रामनगर, गणेशपुर |
| | १२ | तिल्की, कालागौडी |
| असिना, चट्याङ, महामारी | १-१२ | वडाभरी |

## ३.४ प्रकोप पात्रो, मौसमी पात्रो र बाली पात्रो

भिन्न भिन्न प्रकोपहरू फरक समयमा देखापर्ने र फरक फरक महिनाहरूमा लगाईने अन्नबालीहरू पनि फरक फरक हुने भएकोले महिना अनुसार देखापर्ने प्रकोपहरू र बालीहरू लगाईने महिनालाई तलका तालिकाहरूमा समावेश गरिएको छ। त्यसैगरी, जाडो हुने, गर्मी हुने, हिउँदे वर्षा हुने र मनसुनी वर्षा हुने महिनाहरू समेत पात्रोको रूपमा प्रस्तुत गरिएको छ।

(१) प्रकोप पात्रो (३० वर्ष पहिले र पछिको समय)

| प्रकोप | समय | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाढी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| खडेरी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| हुरी बतास | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| शीतलहर | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| जंगली जनावर | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| चट्याङ | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| असिना | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| कृषिमा रोग किरा | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

(२) मौसमी पात्रो (३० वर्ष पहिले र पछिको समय)

| विवरण | समय | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मनसुन वर्षा | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| हिउँदे वर्षा | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गर्मी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| जाडो | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

(३) बाली पात्रो (३० वर्ष पहिले र पछिको समय)

| विवरण | समय | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| धानको वीउ लगाउने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| धान रोप्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| धान् काट्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गहुँ छर्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गहुँ काट्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| मकै रोप्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| मकै पाक्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

## ३.५ जलवायु परिवर्तन र असरहरूको विश्लेषण

(क) जलवायु परिवर्तनको अवस्था

समुन्द्री सतह देखि करिव १७६ मिटर देखि ५०० मिटर उचाईमा रहेको यस नगरपालिकामा उपोष्ण हावापानी रहेको पाईन्छ।यस नगरपालिकाको औसत अधिकतम तापक्रम ३८ डिग्री सेल्सियस र न्यूनतम तापक्रम ९ डिग्री सेल्सियस रहेको पाईन्छ। यहाँको औसत वार्षिक वर्षा करिव १,५०० देखि २,००० मिलिमिटर सम्म हुने गर्दछ।

(ख) जलवायु परिवर्तनको असर, प्रभाव

समुदायका मानिसहरूले महशुस गर्ने गरि यस नगरपालिका देखापरेको जलवायु परिवर्तनको असरहरूलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.सं. | विषयगत क्षेत्र | असर तथा प्रभाव | सम्बोधनका उपायहरू |
|---|---|---|---|
| १ | कृषि तथा खाद्य सुरक्षा | बेमौसमी वर्षा, खडेरी, उत्पादनमा कमी, कृषिमा रोग | माटो परिक्षण गर्ने र उपयुक्त बाली पहिचान, जलवायु-अनुकूलित कृषि प्रविधिको प्रवर्द्धन, सिँचाइ प्रणालीको सुधार |
| २ | वन, जैविक विविधता तथा जलाधार संरक्षण | वन विनाश, जैविक विविधता घट्ने, जल स्रोतको सुक्खा | वृक्षारोपण कार्यक्रम, जैविक विविधता संरक्षण योजना, जल स्रोत संरक्षण र पुनर्स्थापना, सामुदायिक वन व्यवस्थापन, |
| ३ | जल तथा उर्जा | पानीको अभाव, बाढी र डुबानका कारण पानी आपूर्तिमा अवरोध | साना सिँचाइ परियोजना, सोलार ऊर्जा प्रवर्द्धन, थोपा सिचाइ प्रबर्धन गर्ने |
| ४ | स्वास्थ्य, खानेपानी तथा सरसफाई | जलजनित रोगहरू, प्रदूषित पानी, स्वास्थ्य समस्या | सुरक्षित खानेपानीको व्यवस्था, सरसफाई अभियान, जलजन्य रोगहरूको नियन्त्रण |
| ५ | स्थानीय ग्रामिण तथा सहरी बस्ती | बाढी र डुबानले घर बस्तीमा असर, गरिबी र बसोबासको संकट | व्यवस्थित बसोबास योजना, तटबन्ध निर्माण, सामुदायिक संलग्नता सहितको पुनर्स्थापना योजना, सुरक्षित आवास निर्माण |
| ६ | जलवायुजन्य प्रकोप न्यूनीकरण तथा विपद् जोखिम व्यवस्थापन | बाढी, डुबान, सुक्खा, तापमानको वृद्धि | तटबन्ध निर्माण, पूर्व चेतावनी प्रणाली, विपद् व्यवस्थापन तालिम, सुक्खा प्रतिरोधात्मक प्रणालीको विकास, विपद् व्यवस्थापन कोष |
| ७ | उद्योग, यातायात तथा भौतिक पूर्वाधार | जलवायुजन्य प्रकोपले भौतिक पूर्वाधारमा क्षति गर्ने | जलवायु तथा वारावरणमैत्री पूर्वाधारको विकास, यातायात सेवाको सुधार |
| ८ | पर्यटन, प्राकृतिक तथा सांस्कृतिक सम्पदा | पर्यटकीय स्थलहरूको ह्रास, जलवायु परिवर्तनले सांस्कृतिक सम्पदामा असर | हरित पर्यटन प्रवर्द्धन, सांस्कृतिक सम्पदाको संरक्षण, पर्यटकीय पूर्वाधारको विकास |

## ३.६ उत्थानशीलता सम्बन्धी क्षमता

जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न एवं विपद् व्यवस्थापनका लागि उत्थानशील क्षमताको अहम् भूमिका रहने भएकोले नगरपालिकामा रहेका विभिन्न क्षमताका पक्षहरूलाई यहाँ समेटिएको छ।

### ३.६.१ विपद् व्यवस्थापनका लागि भएका नीतिगत व्यवस्थाहरू

(१) नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०७९
(२) विपद् व्यवस्थापन कोष सञ्चालन व्यवस्थापन कार्यविधि, २०८०
(३) स्थानीय आपतकालीन् कार्यसञ्चालन केन्द्र सञ्चालन कार्यविधि, २०८०
(४) वारुणयन्त्र व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८०
(५) शहरी योजना तथा भवन निर्माण मापदण्ड, २०८०
(६) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७७
(७) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्गदर्शन, २०७९
(८) संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी कार्यविधि, २०७७
(९) वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७६
(१०) फोहोरमैला व्यवस्थापन ऐन, २०७५

### ३.६.२ प्राकृतिक सम्पत्ति

यस नगरपालिकामा डिलाशैनी सा.व., जनज्योति सा.व., झिलिमिली सा.व., जानकी महिला मध्यवर्ती सा.व., लक्ष्मी सा.व., पुर्णागिरि महिला सा.व., नागेश्वोर सा.व., सुनदेवी सा.व., बैजनाथ सा.व., कालिका सा.व., भगवती सा.व., प्रगति महिला सा.व., वृन्दावन सा.व., ईटाह सा.व., डिलाशैनी सा.व., जनजागरण सा.व., आदि प्राकृतिक सम्पत्तिहरू रहेका छन्। त्यसैगरी, ५ वटा निजी तालतलैया, सुनवरा नदी, स्याली नदी, बुढी नाला, टोटीनाला, गौडी नदी, घरकटुवा नदी समेत रहेका छन्।

### ३.६.३ मानवीय सम्पत्ति

यस नगरपालिकामा आधारभूत खोज तथा उद्धार तालिम प्राप्त व्यक्ति (२४ जना), तालिम प्राप्त स्वयंसेवक (१६ जना), ग्रामिण महिला स्वास्थ्य कार्यकर्ता (२६ जना), सिकर्मी (२५ जना), डकर्मी (३२ जना), आदि मानवीय सम्पत्तिहरू रहेका छन्।

### ३.६.४ भौतिक वा सामग्रीगत सम्पत्ति

यस नगरपालिकामा यातायातको लागि मोटर बाटो, विद्यालय भवन (५० वटा), सुरक्षित आवास (४ वटा), सामुदायिक चर्पी (३ वटा), लाइफ ज्याकेट (४९ वटा) र ३ वटा वडामा पूर्वसूचना प्रणालीको सुविधाहरू रहेका छन्। त्यसैगरी, नगरपालिकामा स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र समेत स्थापना भएको छ।

### ३.६.५ सामाजिक सम्पत्ति

यस नगरपालिकामा सामुदायिक भवन (१३ वटा), महिला/आमा/अपाङ्गता भएका व्यक्तिहरुको समूह (५ वटा), आयआर्जनमा सक्रिय महिला समूह (५ वटा), आदि सामाजिक सम्पत्तिहरू रहेका छन्।

### ३.६.६ वित्तीय सम्पत्ति

यस नगरपालिकामा व्यापार व्यवसाय (.... वटा), उद्योग कलकारखाना (१२ वटा), बचत समूह (३३ वटा), बैंक तथा वित्तिय संस्था (३५ वटा), आदि वित्तिय सम्पत्तिहरू रहेका छन्।

## ३.७ विपद् जोखिमको अवस्था

विगतका वर्षहरूमा विभिन्न प्रकोपहरूले पुर्याएको क्षति, विपद् जोखिम न्यूनीकरणमा गरिएका प्रयासहरू र जलवायु परिवर्तनको अवस्थालाई हेर्दा तपशीलमा उल्लेख गरिएको प्रकोपहरूको जोखिम अझै कायमै रहेको छ।

(१) बाढीः सुनवरा नदी, स्याली नदी, बुढी नाला, टोटीनाला, गौडी नदी, घरकटुवा नदीले यस नगरपालिकामा जोखिमा सिर्जना गरिरहेका छन्। बाढी पूर्व सूचना प्रणाली विकास भएकोले मानवीय क्षति कम हुनसक्ने भएतापनि समुदायको सम्पत्तिहरूमा उच्च जोखिम रहेको छ।

(२) हावाहुरीः यस नगरपालिकामा ७६८ वटा घरमा जस्तापाता, १७२ वटा घरमा खरको छाना, ५,३८४ वटा घरमा टायलको छाना, ५१ वटा घरमा ढुंगाको छाना र २० वटामा फल्याकको छाना भएकोले हावाहुरीको जोखिम यथावत नै रहेको छ।

(३) जंगली जनावरः विभिन्न बस्तीहरू वनसँग जोडिएको र विगतमा मानवीय क्षति समेत भएकोले जंगली जनावरबाट हुने क्षति आगामी दिनमा पनि हुनसक्छ।

(४) आगलागीः खरका छाना भएका घरहरू रहेको र गहुँ, जौ, धान काटी सकेपछि आगो लगाउने प्रवृत्ति रहेकोले आगलागीको जोखिम कायमै रहेको छ।

(५) कृषि र पशुमा लाग्ने रोगः कृषि र पशुमा लाग्ने रोगहरू बढी रहेकोले आगामी दिनमा पनि कृषि र पशुमा हुने हानी नोक्सानी कायमै रहेको छ।

(६) असिनाः यस प्रकोपले विगतमा घर, जंगली जनावर र कृषि क्षेत्रमा उल्लेख्य क्षति गरेकोले असिनाको पनि जोखिमरहेको छ।

# खण्ड 4. विपद् व्यवस्थापन तथा जलवायु अनुकूलन सम्बन्धी कार्ययोजना

## ४.१ नीतिगत एवं व्यवस्थापकीय सुधार र संस्थागत क्षमता विकास सम्बन्धी कार्ययोजना

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवारी | स्रोत व्यवस्थापन | | समय अवधि |
|---|---|---|---|---|---|
| | | | आन्तरिक | वाह्य | |
| १ | उच्च स्थानमा घर निर्माण गर्ने परिवारलाई प्रोत्साहन गर्ने नीति निर्माण गर्ने। | स्था.वि.व्य.स. | नगरपालिका | | अल्पकालीन |
| २ | विपद् व्यवस्थापन समितिको क्षमता विकासका लागि तालिम आयोजना गर्ने। | स्था.वि.व्य.स. | नगरपालिका | गै.स.स. | अल्पकालीन |

## ४.२ जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलन सम्बन्धी कार्ययोजना

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवारी | स्रोत व्यवस्थापन | | समय अवधि |
|---|---|---|---|---|---|
| | | | आन्तरिक | वाह्य | |
| प्रकोपः बाढी | | | | | |
| १ | बाढी पूर्व सूचना प्रणाली स्थापना गर्ने र भईरहेको ठाउँमा सुदृढ गर्ने। | विपद् व्यवस्थापन शाखा | नगरपालिका | | अल्पकालीन |
| २ | उच्च स्थानमा घर निर्माण गर्नेलाई प्राविधिक सहयोग एवं प्रोत्साहन गर्ने। | पूर्वाधार विकास शाखा | नगरपालिका | | दिर्घकालीन |
| ३ | अतिक्रमण भएको खोलाको जमिन खाली गर्ने। | पूर्वाधार विकास शाखा | नगरपालिका | | अल्पकालीन |
| ४ | पानीको निकासको लागि कल्भर्ट तथा हेमपाइपको व्यवस्था गर्ने। | पूर्वाधार विकास शाखा | नगरपालिका | प्रदेश सरकार, गै.स.स. | दिर्घकालीन |
| ५ | पानीको निकास सहज बनाउन नाली सफा गर्ने। | पूर्वाधार विकास शाखा | नगरपालिका | | निरन्तर |
| ६ | नदी नियन्त्रणको लागि जैविक तटबन्ध बनाउने। | पूर्वाधार विकास शाखा | नगरपालिका | प्रदेश सरकार, गै.स.स. | दिर्घकालीन |
| प्रकोपः हावाहुरी | | | | | |
| १ | बिजुलीका पोलहरू गहिरो र बलियो गाड्न विद्युत प्राधिकरणलाई सल्लाह, सुझाव प्रदान गर्ने। | पूर्वाधार विकास शाखा | नगरपालिका | विद्युत प्राधिकरण | अल्पकालीन |
| २ | हावाहुरीको समय अगावै छानाहरू बलियो बाँध्ने, रुखको हाँगाहरू छाँट्ने बारे समुदायलाई सचेत गर्ने तथा प्राविधिक सहयोग उपलब्ध गर्ने। | पूर्वाधार विकास शाखा | नगरपालिका | | निरन्तर |
| ३ | विद्यालय वरपरका रुखहरू काँटछाँट गरि व्यवस्थित गर्ने। | विद्यालय व्य.स. | नगरपालिका | | निरन्तर |
| ४ | बलियो घर तथा पर्खाल निर्माण गर्न जनसमुदायलाई सहयोग गर्ने। | पूर्वाधार विकास शाखा | नगरपालिका | गै.स.स. | दिर्घकालीन |

| | | | | | |
|---|---|---|---|---|---|
| प्रकोपः जंगली जनावर | | | | | |
| १ | मानव-वन्यजन्तु द्वन्द्व समाधानको लागि सम्बन्धित निकायसँग समन्वय गर्ने। | विपद् व्यवस्थापन शाखा | नगरपालिका | डिभिजन वन कार्यालय | अल्पकालीन |
| २ | सुरक्षा निकायसँग समन्वय गरी सुरक्षाको व्यवस्था मिलाउने। | विपद् व्यवस्थापन शाखा | नगरपालिका | सुरक्षा निकाय | अल्पकालीन |
| ३ | मध्यवर्ती क्षेत्रमा जंगली जनावरले क्षति गर्ने र मानिसले नदेखे गरि लुक्न सक्ने जातका अन्नबालीहरू नलगाउन सबैलाई सचेत गर्ने। | विपद् व्यवस्थापन शाखा | नगरपालिका | राष्ट्रिय निकुञ्ज | अल्पकालीन |
| ४ | जंगल वरपर तारबार लगाउने तथा ट्रेन्च निर्माण गर्ने। | वातावरण शाखा | नगरपालिका | सा.व.उ.स. | अल्पकालीन |
| ५ | वैकल्पिक बाली पहिचान गर्ने, वन्यजन्तुले कम क्षति पुर्याउने बाली लगाउन प्रोत्साहन गर्ने। | कृषि विकास शाखा | नगरपालिका | सा.व.उ.स. | अल्पकालीन |
| प्रकोपः आगलागी | | | | | |
| १ | आगलागी गराउने कारणहरू समेटि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | विपद् व्यवस्थापन शाखा | नगरपालिका | गै.स.स. | निरन्तर |
| २ | आगो नियन्त्रणको लागि उपकरणको व्यवस्था गर्ने। | विपद् व्यवस्थापन शाखा | नगरपालिका | गै.स.स. | अल्पकालीन |
| ३ | आगलागी नियन्त्रण सम्बन्धी तालिमको व्यवस्था गरि दक्ष जनशक्ति तयार गर्ने। | विपद् व्यवस्थापन शाखा | नगरपालिका | गै.स.स. | अल्पकालीन |
| ४ | दमकल प्रभावकारी रूपमा व्यवस्थापन गर्ने। | विपद् व्यवस्थापन शाखा | नगरपालिका | | दिर्घकालीन |
| प्रकोपः चट्याङ | | | | | |
| १ | आकाशमा गड्याङगुडुङ गर्दा बत्तीको स्वीच बन्द गर्ने, चट्याङ पर्ने समयमा विद्युतिय सामग्रीको प्रयोग नगर्ने, अग्लो रूखको तल नबस्ने, आदि सन्देश उल्लेख गरि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | विपद् व्यवस्थापन शाखा | नगरपालिका | | निरन्तर |
| २ | विद्यालयमा चट्याङ प्रतिरोधी प्रविधि जडान गर्न विद्यालय व्यवस्थापन समितिलाई सल्लाह, सुझाव दिने र प्राविधिक सहयोग गर्ने। | विपद् व्यवस्थापन शाखा | नगरपालिका | | अल्पकालीन |
| ३ | घर तथा भवनहरूको विद्युत लाईन र वाइरिङमा अर्थिङ गरेर विद्युत जडान गर्न निर्देशन गर्ने। | पूर्वाधार विकास शाखा | नगरपालिका | | अल्पकालीन |
| प्रकोपः कृषिमा रोग, किरा | | | | | |
| १ | जैविक मल, झोल मल तथा विषादीको प्रयोग सम्बन्धी प्रशिक्षण आयोजना गर्ने। | कृषि विकास शाखा | नगरपालिका | | अल्पकालीन |
| २ | स्थानीय तहमा वीउ बैंक स्थापना गर्ने। | कृषि विकास शाखा | नगरपालिका | गै.स.स. | अल्पकालीन |
| ३ | माटो परिक्षणका लागि नमूना संकलन तालिम दिने। | कृषि विकास शाखा | नगरपालिका | गै.स.स. | निरन्तर |
| ४ | बाली चक्र परिवर्तन र बाली लगाउने समय हेरफेर गर्ने सम्बन्धी तालिम आयोजना गर्ने। | कृषि विकास शाखा | नगरपालिका | गै.स.स. | अल्पकालीन |
| ५ | आईपिएम खेती सम्बन्धी तालिम आयोजना गर्ने। | कृषि विकास शाखा | नगरपालिका | गै.स.स. | अल्पकालीन |
| प्रकोपः खडेरी | | | | | |
| १ | सिंचाईको लागि वैकल्पिक उपायहरू प्रवर्द्धन गर्ने। | कृषि विकास शाखा | नगरपालिका | गै.स.स. | निरन्तर |
| २ | खडेरी सहन गर्ने बालीहरू पहिचान गरि कृषकलाई तालिम प्रदान गर्ने र सामग्रीहरू सहयोग गर्ने। | कृषि विकास शाखा | नगरपालिका | गै.स.स. | अल्पकालीन |

| | | | | | |
|---|---|---|---|---|---|
| प्रकोपः शीतलहर, असिना | | | | | |
| १ | चिसोले कम क्षति गर्ने अन्नबाली लगाउन कृषकलाई तालिमको आयोजना गर्ने। | कृषि विकास शाखा | नगरपालिका | गै.स.स. | अल्पकालीन |
| २ | असिना पर्ने समयमा समुदायलाई घर बाहिर ननिस्कन सचेत गर्ने। | कृषि विकास शाखा | नगरपालिका | गै.स.स. | निरन्तर |

## ४.३ पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्ययोजना

| क.सं. | क्रियाकलापहरू | जिम्मेवारी | स्रोत व्यवस्थापन | | समय अवधि |
|---|---|---|---|---|---|
| | | | आन्तरिक | वाह्य | |
| प्रकोपः बाढी | | | | | |
| १ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना वार्षिक रूपमा नियमित अद्यावधिक गर्ने। | विपद् व्यवस्थापन शाखा | नगरपालिका | गै.स.स. | निरन्तर |
| २ | राहत लगायत प्रतिकार्यका लागि आवश्यक सामग्री तथा औजारहरू व्यवस्था गरि प्रतिकार्य योजनामा समेट्ने। | विपद् व्यवस्थापन शाखा | नगरपालिका | गै.स.स. | निरन्तर |
| ३ | सरोकारवालाको उपस्थिति अनुसार प्रतिकार्यका लागि भूमिकामा परिवर्तन भएमा प्रतिकार्य योजनामा समेटि सम्बन्धित पक्षलाई समय मै जानकारी गर्ने। | विपद् व्यवस्थापन शाखा | नगरपालिका | गै.स.स. | निरन्तर |

## ४.४ पूनर्लाभ, पुनःस्थापना र पूनर्निर्माण सम्बन्धी कार्ययोजना

| क.सं. | क्रियाकलापहरू | जिम्मेवारी | स्रोत व्यवस्थापन | | समय अवधि |
|---|---|---|---|---|---|
| | | | आन्तरिक | वाह्य | |
| प्रकोपः बाढी लगायत अन्य | | | | | |
| १ | विपद् पश्चात प्रभावितहरूको मानवीय, भौतिक एवं आर्थिक क्षतिको मूल्याङ्कन गरि राहत तथा पुनःनिर्माणका लागि सरकारी तथा गैरसरकारी निकायहरूमा पहल गर्ने। | विपद् व्यवस्थापन शाखा | नगरपालिका | गै.स.स. | विपद् पश्चात |
| २ | क्षति भएका भौतिक संरचनाहरूको वर्गीकरण गर्ने र सो को पुनःनिर्माणका लागि मापदण्ड एवं खाका तयार गर्ने। | विपद् व्यवस्थापन शाखा | नगरपालिका | गै.स.स. | अल्पकालीन |
| ३ | प्रभावित समुदायलाई लक्षित गरि जीविकोपार्जनका कार्यहरू सञ्चालन गर्ने। उक्त कार्य गर्दा एकल महिला भएका घर, बृद्धबृद्धा भएको घर र अपाङ्गता भएका घरलाई पहिलो प्राथमिकता प्रदान गरिनेछ। | विपद् व्यवस्थापन शाखा | नगरपालिका | गै.स.स. | निरन्तर |

# खण्ड 5. योजनाको अनुगमन, मूल्याङ्कन, समन्वय र सहकार्य एवं अद्यावधिक

## ५.१ अनुगमन तथा मूल्याङ्कन

नगरपालिकाले अन्य कार्यक्रमको अनुगमन र मूल्याङ्कन गर्दा यस योजनाको पनि सँगसँगै गर्नेछ। यस योजनाको अनुगमन र मूल्याङ्कनका लागि छुट्टै फारम तयार गरि प्रयोग गरिनेछ। अनुगमन समितिले प्राप्त तथ्यहरूलाई समेटी एक प्रतिवेदन तयार गर्नेछ। उक्त प्रतिवेदनलाई वार्षिक रूपमा स्थानीय विपद् व्यवस्थापन समितिमा प्रस्तुत एवं समिक्षा गरिनेछ।

## ५.२ समन्वय एवं सहकार्य


यस योजनामा राखिएका क्रियाकलापहरूको कार्यान्वयन गर्ने सन्दर्भमा एकै किसिमका उद्देश्य भएका संघसंस्था, कार्यालय वा निकायसँग सहकार्य गरिनेछ। साथै आर्थिक, प्राविधिक एवं मानवीय सहायता आदानप्रदानको लागि छिमेकी पालिका, प्रदेश र संघीय सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

## ५.३ अद्यावधिक


यस योजनामा समावेश गरिएका जलवायु अनुकूलन एवं विपद् उत्थानशील सम्बन्धी क्रियाकलापहरूलाई प्रभावकारिता र कार्य सम्पन्नताको आधारमा पुनरावलोकन गरि नियमित रूपमा प्रत्येक ५ वर्षमा अद्यावधिक गरिनेछ। तथापी, कुनै विशेष परिस्थिति सिर्जना भएमा वा विशिष्ट प्रकृतिको क्रियाकलापहरू समेटी उत्थानशीलता बृद्धिका कार्यहरू गर्नुपरेमा तोकिएको समयावधि अगावै यसलाई परिमार्जन वा अद्यावधिक गर्न सकिनेछ।

# खण्ड 6. अनुसूचीहरू


## अनुसूची १.१. शुक्लाफाँटा न.पा.को भू-उपयोगको अवस्था (सन् २००९)




# अनुसूची १.२. शुक्लाफाँटा न.पा.को भू-उपयोगको अवस्था (सन् २०१९)




# अनुसूची २.१. वडा नं.१ को पूर्वाधार जोखिम नक्सा




# अनुसूची २.२. वडा नं.२ को पूर्वाधार जोखिम नक्सा




# अनुसूची २.३. वडा नं.३ को पूर्वाधार जोखिम नक्सा




# अनुसूची २.४. वडा नं.४ को पूर्वाधार जोखिम नक्सा




# अनुसूची २.५. वडा नं.५ को पूर्वाधार जोखिम नक्सा




# अनुसूची २.६. वडा नं.६ को पूर्वाधार जोखिम नक्सा




# अनुसूची २.७. वडा नं.७ को पूर्वाधार जोखिम नक्सा




# अनुसूची २.८. वडा नं.८ को पूर्वाधार जोखिम नक्सा




# अनुसूची २.९. वडा नं.९ को पूर्वाधार जोखिम नक्सा




# अनुसूची २.१०. वडा नं.१० को पूर्वाधार जोखिम नक्सा



# अनुसूची २.११. वडा नं.११ को पूर्वाधार जोखिम नक्सा



# अनुसूची २.१२. वडा नं.१२ को पूर्वाधार जोखिम नक्सा



# अनुसूची ३. विपद्को ऐतिहासिक समयरेखा (विगत ३० वर्ष)

शुक्लाफाँटा न.पा., वडा नं.१

| विपद् | साल र महिना | स्थान | भौतिक क्षति | सामाजिक क्षति | आर्थिक क्षति | मानवीय क्षति | प्राकृतिक क्षति |
|---|---|---|---|---|---|---|---|
| बाढी | २०६६ असोज | खजुवा पट्टी वैसाखा | ४ वटा पुल बगाएको, ५०० मिटर बाटो भत्काएको | १०० घर पूर्ण रुपमा डुवान भएको, विद्यार्थी विद्यालय जानबाट वन्चित | | | ३०० बिघा पटान |
| हावाहुरी | २०६९ चैत्र | वडा भरी | २५० घर र विद्यालयको छाना उडाएको | | २,७०० फलफूलका विरुवा नष्ट | | |
| हावाहुरी | २०७२ बैशाख | वडा भरी | ३५० घर र विद्यालयको छाना उडाएको | | ३,१०० फलफूलका वोटविरुवा नष्ट | | |
| हावाहुरी | २०७५ चैत्र | वडा भरी | १४ वटा घरको छाना उडाएको | | १,००० फलफूलका बोट नष्ट | | |
| हावाहुरी | २०७५ जेठ | वडा भरी | ४५ घरको छाना उडाएको | | | | ५,००० वटा रुख ढलेको |
| जंगली जनावर | २०७६ मंसिर | गणेशपुर टोल | | | | १ जनाको मृत्यु | |
| बाढी | २०७६ भदौ | तल्लो चौराह, रामजानकी टोल | | | | १ जनाको मृत्यु | |
| बाढी | २०७७ कार्तिक | वडा भरी | | | ६०० बिघाको धान बगाएको | | |
| पशुमा महामारी | २०७९ जेठ | वडा भरी | | | | | |
| कृषिमा रोगकिरा (फड्के किरा) | २०८० असोज | बन्शाह, कृष्णपुर, तल्लो चौराहा, रामनगर, गणेशपुर | | | ७ बिघा धानबाली नष्ट | | |
| आगलागी | २०८० चैत | वडा नं. १ | | | सोफासेट, कुर्सि, काठ जलेर रू.९०,००० बराबरको क्षति | | |
| हावाहुरी | २०८१ जेठ | वडा भरी | १२ वटा घरको छाना उडाएको र टायल फुटाएको, गौरादेवी मन्दिरको छाना उडाएको | | ३० वटा केराको बोट भाँचिएको | | |
| बाढी | २०८१ असार | वडा भरी | ४ वटा कल्भर्टको वाल ढलेको, २ वटा कल्भर्टमा पूर्ण क्षति, ५०० मिटर सडक क्षेत्र कटान, विभिन्न स्थानमा पानी पिच बगेको | | माछा पोखरीहरू फुटेर भुराहरू बगाएको, ६ वटा घर मा पानी पसेको र अन्न भिजेको, ६० बिघा धानखेती बगाएको | | १० बिघा नदीले कटान गरेको |

## शुक्लाफाँटा न.पा., वडा नं.२

| विपद् | साल र महिना | स्थान | भौतिक क्षति | सामाजिक क्षति | आर्थिक क्षति | मानवीय क्षति | प्राकृतिक क्षति |
|---|---|---|---|---|---|---|---|
| बाढी | २०५१ भदौ | सुनवरा नदी किनाराका बस्ती | | | | | २५ बिघा कटान |
| हावाहुरी | २०७२ बैशाख | रानीपुर | १५ वटा घरको छाना उडाएको | | | | १०० वटा रुख ढलेको |
| असिना | २०७३ फागुन | वडा भरि | | | गहुँ खेती तथा मसुरो खेती नष्ट | | |
| जंगली जनावर | २०७३ भदौ | लक्ष्मीपुर | | | २० बिघाको धान र उखु नष्ट पारेको | | |
| आगलागी | २०८० कार्तिक | लक्ष्मीपुर | परालको कुन्यु जलेर नष्ट | | परालको कुन्यु जलेर रू.५,००० बराबरको क्षति | | |
| हावाहुरी | २०८१ जेठ | शुक्लाफाँटा वडा नं. २ | २ घरको छाना उडाएको | | | | |
| बाढी | २०८१ असार | वडा भरि | ७ वटा घरमा पूर्ण क्षति, ९ घरमा आंशिक क्षति र १ पुलमा क्षति पुगेको | | ३० बिघा धान तथा उखु बालीमा क्षति | | |

## शुक्लाफाँटा न.पा., वडा नं.३

| विपद् | साल र महिना | स्थान | भौतिक क्षति | सामाजिक क्षति | आर्थिक क्षति | मानवीय क्षति | प्राकृतिक क्षति |
|---|---|---|---|---|---|---|---|
| असिना | २०६४ मङ्सिर | जोनापुर | ४४ घरको टायल फुटाएको | | | | जंगली जनावर मरेको (जरायो: २५, चरा:१,०००) |
| हावाहुरी | २०६८ जेठ | वडा भरि | २८ घरको जस्तापाता र टायल उडाएको | | | | |
| डुवान | २०७२ साउन | जोनापुर, पिपलाडी | | १० घर डुवान | | | |
| जंगली जनावर | २०७४ असोज | जोनापुर | ११ घर भत्काएको | | घर भित्र राखेको अन्न खाएको | | |
| नदी कटान | प्रत्येक वर्ष | जोनापुर | ३ घरको छाना उडाएको | | | | नदी छेउको जमिन कटान |
| हावाहुरी | २०८० जेठ | | ५ घरको टायल फुटाएको | | | | |
| आगलागी | २०८० साउन | जोनापुर | कच्ची गोठ जलेको | | | | |
| बाढी | २०८१ असार | जोनापुर | ४ वटा बिद्युत पोल ढलेको, जोनापुर खण्डको मूल बाटो अबरुद्ध | | १० बिघा बालीनालीमा क्षति | | |

## शुक्लाफाँटा न.पा., वडा नं.४

| विपद् | साल र महिना | स्थान | भौतिक क्षति | सामाजिक क्षति | आर्थिक क्षति | मानवीय क्षति | प्राकृतिक क्षति |
|---|---|---|---|---|---|---|---|
| बाढी | २०५५ असोज | सिकलपट्टी | ४ घर क्षति, | झलारी देखि पिपलाडी जाने रा.मा.वि. बाट सिकलपट्टि जाने बाटो भत्किएर आवतजावतमा समस्या | रू.६० हजार बराबरको धानबाली क्षति | ७ वर्षको एउटा बच्चाको मृत्यु भएको | रुखहरू ढलेको |
| बाढी | २०५७ असार | आशापुर | २१ वटा घर बगाएको, १ वटा विद्यालय भवन बगाएको | विद्यार्थी विद्यालय जानबाट वन्चित | | | १०० बिघा कटान, ८ बिघा धान खेती कटान र पटान |
| खडेरी | २०७२ | शुक्लाफाँटा वडा नं. ४ | | | ८ बिघाको धान खेती नष्ट | | |
| हावाहुरी | २०७२ बैशाख | आशापुर | १०५ घरधुरीको छाना उडाएको | | | | |
| बाढी | २०७४ | शुक्लाफाँटा वडा नं. ४ | ३ वटा कुखुराको फार्म बगाएको | | | | ५ बिघा कटान |
| आगलागी | २०७५ जेष्ठ | असैना, आशापुर, सिकलपट्टी | ४ घर जलेको | | | | |
| वन्यजन्तु आंतक | २०७५ असोज | सिकलपट्टी | २ घर भत्काएको | | ५० बिघाको धान बाली नष्ट | | |
| हावाहुरी | २०७७ असोज | असैना | घर र रा.मा.वि.को छाना उडाएको, अन्य केही घरको छाना उडाएको | | रू.५० लाखको धानबाली क्षति, एक लाखको तरकारी, केरा, तोरीको नोक्सान | | आँप तथा अन्य फलफूलका रुखहरू ढलेको |
| खडेरी | २०८०/१० देखि २०८१/०३ सम्म | वडा भरि | | | रू.३० लाख बराबरको गहुँ उत्पादनमा नोक्सान | | तरकारी तथा फलफूलका रुखहरू ढलेको |
| हावाहुरी | २०८१ जेठ | वडा भरि | घरको टिन छाना उडाएर नोक्सान गरेको | | रू.२० लाख बराबरको फलफूलको नोक्सान | | विभिन्न स्थानमा रुखहरू ढलेको |
| बाढी | २०८१ असार | असैना | १ घर बगाएको, रामेश्वर शिव मन्दिरको पर्खाल भत्काएको, | बिद्युतको पोल ढलाएर २ कि.मि. सम्म बाटो अवरुद्ध भएको, वडा नं. ५ सिमाना जोड्ने बाटो भत्काएको | रू.८० लाख बराबरको अन्न तथा बालीको क्षति | | विभिन्न स्थानमा रुखहरू ढलेको |

वडा नं.५

| विपद् | साल र महिना | स्थान | भौतिक क्षति | सामाजिक क्षति | आर्थिक क्षति | मानवीय क्षति | प्राकृतिक क्षति |
|---|---|---|---|---|---|---|---|
| बाढी | २०५६ असोज | खाजुवा, गर्जमनी, बैशाखा | २८ वटा कच्ची घर गोठ बगाएको | यातायात तथा बिजुली अवरोध | २० बिघाको धानबाली नष्ट | | १० बिघा जमिन कटान |
| बाढी | २०६५ असोज | वन समिति | | १३० घरमा पानी पसेको | | | ६० बिघा जमिन कटान तथा पटान |
| खडेरी | २०६५ साउन | वन समिति | | | धान रोप्न नसकिएर ५०० घरधुरी असर | | |
| बाढी | २०६९ असोज | वन समिति | १० घर बगाएको | | | | ६० बिघा जमिन कटान |
| बाढी | २०७५ असोज | वन समिति | | | | १ जनाको मुत्यू | २० बिघा जमिन कटान |
| असिना | २०७५ बैशाख | वन समिति | | | ३० बिघाको गहुँ बाली नष्ट गरेको | | |
| जंगली जनावर (हात्ती) | २०८० फागुन | खजुवा | | | ५ बिघा गहुँ बाली नष्ट, १० थुम केरा खाई कुल्चेको | | |
| जंगली जनावर | २०८० फागुन | गर्जमुनी | | | जंगली बदेंलले ६ कट्टा गहुँ बाली नष्ट | | |
| जंगली जनावर | २०८० चैत | गर्जमुनी | | | जंगली बदेंलले १२ कट्टा गहुँ बाली नष्ट | | |
| हावाहुरी | २०८१ जेठ | शुक्लाफाँटा वडा नं. ५ | घर र शौचालयको टिनको छाना उडाएको | | | | |
| जंगली जनावर | २०८१ जेठ | गर्जमुनी | | | स्यालले २५ कुखुरा मारेको र १५० कुखुरा घाईते बनाएको | | |
| बाढी | २०८१ असार | वडा भरि | सडक कटान विभिन्न टोलहरूमा, मेसवायर जाली कटान | | ४ बिघा धानबालीमा नोक्सान | | |

## शुक्लाफाँटा न.पा., वडा नं.६

| विपद् | साल र महिना | स्थान | भौतिक क्षति | सामाजिक क्षति | आर्थिक क्षति | मानवीय क्षति | प्राकृतिक क्षति |
|---|---|---|---|---|---|---|---|
| जंगली जनावर | २०५५ असोज | शुकसरौल | ४ वटा घर भत्काएको | | रू.२० हजार नोक्सान | | |
| बाढी | २०६५ असोज | शुक्लाफाँटा वडा नं. ६, पश्चिम पूर्व | | | | | ७ बिघा जमिन कटान |
| जंगली जनावर | २०७४ असोज | कसरौल | ७ घर भत्काएको | | १० बिघा धानबाली क्षति | | |
| नदी कटान | प्रत्येक वर्ष | स्याली नदी क्षेत्र | | | | | जमिन कटान |
| हावाहुरी | २०८० जेठ | कसरौल | गाई फर्ममा क्षति | | रू.३०,००० बराबरको क्षति | | |
| जंगली जनावर | २०८० असोज | कसरौल | | | हात्तीले ४ कट्टा धानबाली नष्ट | | |

## शुक्लाफाँटा न.पा., वडा नं.७

| विपद् | साल र महिना | स्थान | भौतिक क्षति | सामाजिक क्षति | आर्थिक क्षति | मानवीय क्षति | प्राकृतिक क्षति |
|---|---|---|---|---|---|---|---|
| बाढी | २०५८ साउन | कालापानी देखि सिमलफाँटा | ७ वटा घर र १ वटा मन्दिर बगाएको | | | १ जनाको मुत्यू | ७० बिघा जमिन कटान |
| वन्यजन्तु आंतक | २०५८ कार्तिक | कालापानी देखि सिमलफाँटा | ७ वटा घर भत्काएको | | | १ जनाको मुत्यु | |
| हावाहुरी | २०६२ जेष्ठ | वडा भरि | ६५ वटा घर र १ वटा विद्यालयको छाना उडाएको | | | | |
| हावाहुरी | २०७२ जेठ | शान्तिपुर | गोठ भत्केको, १ वटा विद्यालयको वोर्ड उडाएको | | | | |
| हावाहुरी | २०७२ फागुन | वडा भरि | ३० वटा घरको छाना उडाएको | | | | |
| असिना | २०७३ चैत्र | वडा भरि | १०० वटा घरको टायल फुटाएको | | | | |
| जंगली जनावर | २०७५ असोज | कालापानी | २ वटा घर भत्काएको | | रू.३०,००० हजार बराबरको आँप, लिची र कटहर क्षति | | सामुदायिक वनको वाँस नोक्शान गरेको |
| जंगली जनावर | २०७८ श्रावण | सिमलफाँटा, जुडा | केही घरहरू भत्काएको | | ५ बिघाको धान र मके बाली नष्ट गरेको | | |
| जंगली जनावर (बँदेल) | २०८० चैत | सिमलफाँटा | | | ५ कट्ठा गहुँ बाली नोक्सान | | |
| जंगली जनावर (सुँगुर, चित्तल) | २०८० चैत | कालापानी | | | १६ कट्ठा गहुँ बाली नष्ट | | |
| जंगली जनावर | २०८० चैत्र | सिमलफाँटा, कालापानी | | | १० बिघाको गहुँ बाली नष्ट गरेको | | |
| आगलागी | २०८१ बैशाख | सिमलफाँटा | बाखा खोर पुर्णरुपमा जलेको | | २ वटा बाखा जलेर मरेको (रू.१८,००० बराबरको क्षति) | | |
| जंगली जनावर | २०८१ जेठ | शुक्लाफाँटा वडा नं. ७ | पोल्ट्री फर्ममा स्यालले खोरको क्षति गरेको | | २५ वटा कुखुरा मारेको र १५० कुखुरा घाइते बनाएको | | |
| आगलागी | २०८१ जेठ | जुडा | घर जलेर नष्ट | | | | |
| बाढी | २०८१ असार | वडा भरि | ६ वटा घरमा आंशिक क्षति | पिताम्बर पुलमा क्षति पुगेको | ३ बिघाको धान खेती बगाएको | | |

## शुक्लाफाँटा न.पा., वडा नं.८

| विपद् | साल र महिना | स्थान | भौतिक क्षति | सामाजिक क्षति | आर्थिक क्षति | मानवीय क्षति | प्राकृतिक क्षति |
|---|---|---|---|---|---|---|---|
| बाढी | २०५४ भदौ | पारिफाँटा, नौखरी, फूलेली | ७ वटा घर र ३ वटा गोठ बगाएको | | ३६ वटा गाईगोरु र १५ वटा बाखा बगाएको | | २० बिघा जमिन कटान |
| बाढी | २०६४ भदौ | वेलडांडी, पिलरी, नोखरी, फूलेली | फुलेलीको ४ वटा घर बगाएको | पारिफाँटा विद्यालयको जमिन बगाएको | ५ वटा भैसी, रांगा बगाएको | ५ जनाको मुत्यु | २५ बिघा जमिन कटान |
| बाढी | २०६९ असोज | शुक्लाफाँटा वडा नं. ८ | | २ वटा घर डुवान, १५ वटा घरमा पानी पसेको | केरा खेती नोक्सान | | |
| शीतलहर | २०७० मंसिर | वेलडांडी, पिलरी, नोखरी | | | करिव ५० बिघाको आलु, तरकारी नष्ट | | |
| असिना | २०७० चैत्र | वेलडांडी, पिलरी, नोखरी | ५० वटा घरको टायल फुटाएको | | फलफूल खेती नष्ट | | |
| हावाहुरी | २०७३ चैत्र | वेलडांडी, पिलरी, नोखरी | ५० वटा घरको छाना उडाएको | | | | |
| जंगली जनावर | २०७५ असोज | वेलडांडी | ५ वटा घर भत्काएको | | १ बिघा धान खेती नष्ट | | |
| आगलागी | २०७९ चैत | शुक्लाफाँटा वडा नं. ८ | खरले छाएको गोठ जलेको | | | | |
| चट्याङ | २०८० असोज | शुक्लाफाँटा वडा नं. ८ | | | २ जना घाइते | | |
| जंगली जनावर | २०८० पुस | वेलडांडी | | | हात्तीले ८ कट्ठा जमिनमा लगाएको उखु नष्ट | | |
| आगलागी | २०८१ बैशाख | भमरभोज | काठ जलेर नष्ट | | २० थान फलफूलका बिरुवा नष्ट | | |

## शुक्लाफाँटा न.पा., वडा नं.९

| विपद् | साल र महिना | स्थान | भौतिक क्षति | सामाजिक क्षति | आर्थिक क्षति | मानवीय क्षति | प्राकृतिक क्षति |
|---|---|---|---|---|---|---|---|
| कृषिमा रोगकिरा | २०७१ भदौ | शुक्लाफाँटा वडा नं. ९ | | | १०० बिघाको धान आंशिक नष्ट | | |
| असिना | २०७२ चैत्र | वडा भरि | | | फलफूलको विरुवा नोक्शान | | |
| बाढी | २०७३ साउन | सिसैया | | २० वटा घर डुवान | | | १० बिघा जमिन कटान |
| आगलागी | २०७५ असोज | सिसैया | | | | | सा.व.का करीव १०० वटा रुख नोक्सान |
| आगलागी | २०८० साउन | सिसैया | कच्ची गोठमा आगलागी | | बाखा जलेको | | |
| जंगली जनावर | २०८० असोज | मुक्ति टोल | | | हात्तीले ४ कट्टाको धानबाली नोक्सान | | |

## शुक्लाफाँटा न.पा., वडा नं.१०

| विपद् | साल र महिना | स्थान | भौतिक क्षति | सामाजिक क्षति | आर्थिक क्षति | मानवीय क्षति | प्राकृतिक क्षति |
|---|---|---|---|---|---|---|---|
| बाढी | २०६४ असोज | शिवमन्दिर उतर | | | | | २० बिघा कटान |
| कृषिमा रोग किरा | २०७३ भदौ | शुक्लाफाँटा वडा नं. १० | | | १०० बिघाको धान नष्ट (आंशिक) | | |
| असिना | २०७२ चैत्र | वडा भरि | | | गहुँ बाली नष्ट | | |
| शीतलहर | २०७३ पुष | वडा भरि | | | आलुखेती, तरकारी खेती नोक्सान | | |
| जंगली जनावर | २०७५ असोज | नहर टोल | ३ वटा घर भत्काएको | | १० बिघाको धान नोक्सान | | |
| बाढी | २०८१ असार | वडा भरि | ३ घरधुरीमा आंशिक क्षति, खल्ला बस्तीमा रहेको तटबन्ध बगाएको | | करिब ३ बिघा बालीनालीमा क्षति | | |

शुक्लाफाँटा न.पा., वडा नं.११

| विपद् | साल र महिना | स्थान | भौतिक क्षति | सामाजिक क्षति | आर्थिक क्षति | मानवीय क्षति | प्राकृतिक क्षति |
|---|---|---|---|---|---|---|---|
| बाढी | २०६८ असोज | अमरपुर र कलुवापुर | २४ वटा घर बगाएको, १० मि. बाटो भत्काएको, कालिका मन्दिर बगाएको | | ३० बिघा धानबाली पटान तथा कटान | | |
| खडेरी | २०७४ असार | वडा भरि | | | धानबाली लगाउन ढिलाई | | |
| वन्यजन्तु | २०७५ कार्तिक | अमर टोल र दीपनगर टोल | | | ३० बिघा बाली क्षति | | |
| हावाहुरी | २०८१ असार | वडा भरि | दुई कोठे पक्कि भवन क्षति | | | | |
| आगलागी | २०८० चैत | अम्मरपुर | भान्सा घर | | घर भित्रको खाद्यान्न जलि नष्ट भइ अनुमानित ५६,००० बराबरको क्षति | | |
| आगलागी | २०८० चैत | दिपनगर | | | १३ कट्टाको परालको टहरा कुन्यु, काठ, ५ भारि दाउरा जलेर ४०,००० बराबरको क्षति | | |
| बाढी | २०८१ असार | वडा भरि | ८ वटा कच्ची घर भत्केको र अन्नबाली नोक्सान, ५ वटा गोठ भत्केको | | ३० बिघाको बालीनालीमा क्षति | | |

## शुक्लाफाँटा न.पा., वडा नं.१२

| विपद् | साल र महिना | स्थान | भौतिक क्षति | सामाजिक क्षति | आर्थिक क्षति | मानवीय क्षति | प्राकृतिक क्षति |
|---|---|---|---|---|---|---|---|
| बाढी | २०६० साउन | तिल्की, लुखरी भुई | १५ वटा घर बगाएको | | | १ जनाको मुत्यु | ३ बिघाको खेती कटान र पटान |
| बाढी | २०६४ साउन | तिल्की, दुवहा | १५ वटा घर र सरस्वति प्रा.वि. बगाएको | | | | १२० बिघा कटान र पटान |
| कृषिमा रोग किरा | २०६६ भदौ | तिल्की, देखतभुलि, कालागौडी | | | करवि ३०० बिघाको धान क्षति | | |
| वन्यजन्तु आंतक | २०७५ असोज | दुवहा | | | १० बिघा धान खेती नष्ट | | |
| हावाहुरी | २०७५ चैत्र | वडा भरि | १० वटा घरको टायल फुटाएको | | | | |
| वन्यजन्तु | २०७९ फागुन | दुबहा | | | २ बिघा गहुँ खेती नष्ट | | |
| कृषिमा रोग किरा | २०७८ कार्तिक | कालागौडी, वसन्तपुर, खल्ला | | | फट्के किराले ३ बिघा जमिनको धान नष्ट | | |
| कृषिमा रोग किरा | २०८० असोज | तिल्की, कालागौडी | | | फट्के किराले ५ बिघा जमिनको धान नष्ट | | |
| हावाहुरी | २०८१ जेठ | शुक्लाफाँटा वडा नं. १२ | | | १,५०,००० सम्मको केरा खेती नोक्सान | | |
| आगलागी | २०८१ बैशाख | शुक्लाफाँटा वडा नं. १२ | | | घर बनाउन राखेको सालको काठ, टायल जलेको | | |
| बाढी | २०८१ जेठ | वडा भरि | ९ वटा घरमा क्षति, २० घरधुरी विस्थापित | | ५० बिघाको बाली नालीमा क्षति | | |

**सन्दर्भ सामाग्रीहरू**


१. स्थानीय विपद् र जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका २०७४ (मस्यौदा)

२. स्थानीय विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा दिग्दर्शन, २०७८

३. गाउँ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७९, माहावै गाँउपालिका

४. माहावै गाँउपालिकाको विपद् पूर्वतयारी र प्रतिकार्य योजना, २०८०

५. माहावै गाँउपालिका, कालीकाेट वस्तुगत विवरण (पार्श्वचित्र), २०७६

६. राष्ट्रिय घरधुरी सर्वेक्षण, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८